नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

४- २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

मिति: २०७२/०२/०७

बिषय : उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि मिति २०७२/०२/०७ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट देहाय बमोजिमका क्रियाकलापहरु भएको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

१. राष्ट्रिय तथा अन्तराष्ट्रिय उपचार टोलीहरुको परिचालन, अनुगमन तथा बैठक:

- Recovery Strategic Plan अनुसार स्वास्थ्य संस्थाहरुको पुन:निर्माण कार्यमा सहयोग गर्न इच्छुक दातृ निकाय राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसँग प्रस्ताव आह्वान गर्ने निर्णय गरीयो ।
- प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी सम्बन्धित पक्षसँग वार्ता गरी समझदारी पत्र (MOU) सिफारीश गर्न नीति योजना तथा अर्न्तराष्ट्रिय सहयोग महाशाखा प्रमुखको नेतृत्वमा तीन सदस्यीय समिती गठन गरीयो ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट खटिएका ३८ देशका १३२ वटा अन्तराष्ट्रिय मेडिकल टीमहरुमध्ये आजसम्म ९० वटा मेडिकल टिमहरु आफ्नो काम पुरा गरि फिर्ता भएका छन् भने ४२ वटा मेडिकल टीमहरु अहिले आ-आफ्नो तोकिएको क्षेत्रमा कार्यरत भएको जानकारी प्राप्त भएको छ ।

२. उपकरण र औषधि:

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा सम्पर्कमा रही आवश्यक औषधि र उपकरणहरु पठाईरहेको छ ।
- भारत सरकारबाट राहतस्वरुप १० कन्टेनर Sanitary Napkins प्राप्त भएकोमा प्रसुती गृहमा १, पाटन अस्पतालमा १, धुलिखेल अस्पतालमा १, सशस्त्र प्रहरी अस्पतालमा १, वीरेन्द्र सैनिक अस्पतालमा १, नेपाल प्रहरी अस्पतालमा १, नीजामति अस्पतालमा १, भरतपुर अस्पताल र मेडिकल कलेजलाई गरी १ पठाईसकिएको र बाँकि रहेको २ कन्टेनर मध्ये आपूर्ति व्यवस्था महाशाखामा १ कन्टेनर रहेको छ भने शिक्षा मन्त्रालयलाई १ कन्टेनर पठाउने तयारी भएको जानकारी प्राप्त भएको छ ।
- भारत तथा अन्य देशबाट प्राप्त भएका अत्यावश्यक औषधिहरु जिल्ला स्वास्थ्य कार्यालय भक्तपुर, पर्वतका साथै विभिन्न ४ वटा जिल्ला तथा अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा परिचालन हुने टिमहरुको लागि आकस्मिक स्वास्थ्य उपचार कीट वितरण गरियो ।
- Project Hope वाट थप ६ वटा प्यालेट र ३२ कार्टुन अत्यावश्यक औषधीहरु प्राप्त भएको छ ।

३. स्वास्थ्यकर्मीको ब्यवस्था र अन्य विषय:

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले मिती २०७२।०१।१२ गतेको विनाशकारी भूकम्पका कारण काठमाडौ वसन्तपुर स्थित काष्ठमण्डपमा रक्तदान कार्यक्रममा संलग्न भैरहँदा निधन हुनुभएका केन्द्रिय रक्त सञ्चार केन्द्रका कर्मचारीहरु लालमाया गुरुङ्ग, सानुमाया कपाली र सिमरन डंगोल तथा अन्य सातजना रक्तदाताहरु कल्पना श्रेष्ठ, निमा सिंह, निलु चित्रकार, मञ्जु नेपाली, राकेश लाल श्रेष्ठ, प्रकाश मानन्धर र अनुराग कुमार मखरियाको निधन भएकोमा हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ ।
- मिती २०७२।०१।१२ गतेको विनाशकारी भूकम्पका कारण घाइते भएका विरामीहरुको लागि आवश्यक रगतको आपूर्तिलाई सहज पारी कुनै पनि क्षण रगतको अभाव हुन नदिई घाइतेको उपचार कार्यलाई सहज बनाइदिएकोमा नेपाल रेडकस सोसाइटि, केन्द्रिय रक्त सञ्चार केन्द्र तथा विभिन्न रक्त संचार केन्द्रहरु, रक्तदाता संघ संस्थाहरु र सम्पूर्ण रक्तदाताहरुमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय रक्त संचार ब्यूरोद्वारा हार्दिक धन्यवाद व्यक्त गरीएको छ ।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फ- २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल
मिति: २०७२/०२/०७

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फी नं १६६००१३३४४४ संचालनमा ल्याएको छ । यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ अै घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ।

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रबक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय